*Reg. No. 681* *SWC Aff. No. 15556*

मानव अधिकार, सामाजिक न्याय र सुशासनका लागि:

# राष्ट्रिय दलित नेटवर्क, नेपाल

# Rastriya Dalit Network (RDN) Nepal

केन्द्रीय कार्यालय, धनगढी कैलाली

च.नं. मिति:

“छुवाछुत बिनाको अर्को नेपाल संभव छ, आउनुहोस् निर्माण गरौं” “Another Nepal Without Untouchability is Possible ! Let us Build It !!”

माननीय आर्थिक मामिला मन्त्री ज्यू
आर्थिक मामिला मन्त्रालय
सुदूरपश्चिम प्रदेश सरकार, नेपाल

बिषय: **सुदूरपश्चिम प्रदेश स्तरिय दलित अधिकार मञ्च आयोजना गर्नका लागि प्रस्तावना पत्र पेश गरिएको बारे**

महोदय,

उपरोक्त सम्बन्धमा राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल मुलुकमा दलित अधिकारका लागि चलेका विभिन्न आन्दोलनहरुमध्ये धेरै लक्ष्यहरु भएको एउटै लक्ष्य, धेरै योजनाहरु भएको एउटै योजना, धेरै नीति तथा कार्यक्रमहरु भएको एउटै नीति तथा कार्यक्रम, धेरै संगठनात्मक स्वरुपहरुको एउटै संगठन, धेरै अवधारणाहरुको एउटै अवधारणा र साझा भावनाका साथ नयाँ एकीकृत आन्दोलनका रुपमा स्थापीत नेतृत्वदायी मानवअधिकारमुखी पद्धतिमा विश्वास राख्ने दलित एक्टिभिष्टमा आधारित जनसंगठन हो ।

मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा कार्यरत गैससहरु, विभिन्न महासंघहरु, लोकतन्त्र र शान्तिका लागि कार्यरत नागरिक आन्दोलनहरु, दलित आन्दोलनका सारथि दलित राजनीतिक जनसंगठनहरु, संचारकमीहरुका प्रतिनीधिमुलक संगठनहरुको अर्थपूर्ण सहकार्यकासाथ बृहत सामाजिक अभियानमार्फत दलितहरुका राजनीतिक, आर्थिक र सामाजिक/सांस्कृतिक समस्याहरुको एकीकृत रुपमा समाधान गर्न दवाव दिने उद्देश्यले बि.स. २०६० मा यसको स्थापना भएको ब्यहोरा सगौरव जानकारी गराईन्छ ।

यसै सन्दर्भमा **सामाजिक न्यायसहितको समृद्ध सुदुरपश्चिम ! आर्थिक सामाजिक रुपान्तरणका लागि लक्षित कार्यक्रम”** भन्ने मूल नाराका साथ आगामी मिति २०८० भाद्र ०६ देखि ०७ गतेसम्म धनगढी कैलालीमा सुदुरपश्चिम स्तरिय **दलित अधिकार मञ्च (DRF)** को आयोजना गर्न लागिएको सो का लागि **रु ५००,००० (अक्षेरुपी रु पाँच लाख मात्र)** उपलब्ध गराई सहयोग गरि दिन हुन बिनम्र अनुरोध गरिएको छ । नोट: दलित अधिकार मञ्च (DRF) को प्रस्तावना पत्र, बिस्तृत बजेट बिवरण र संस्थाको प्रोफाईल यसै साथ संग्लन गरिएको छ ।

**निरन्तर सहयोग, सहकार्य र समन्वयको अपेक्षा सहित**

........................
गणेश ब. बिश्वकर्मा
**केन्द्रीय अध्यक्ष**
सम्पर्क नं. ९८५१०८२७३३ (मोवाईल)
ईमेल: ganeshbikal@gmail.com

सुदूरपश्चिम प्रदेश स्तरिय **दलित अधिकार मञ्च (DRF)** आयोजना गर्नका लागि तयार गरिएको

# प्रस्तावना पत्र

**पेश गरिएको गरिएको:**
आर्थिक मामिला मन्त्रालय
सुदूरपश्चिम प्रदेश सरकार, नेपाल

**पेश गर्ने:**
**संस्थाको नाम: राष्टिय दलित नेटवर्क (RDN) नेपाल**
ठेगाना: केन्द्रीय कार्यालय धनगढी कैलाली
सम्पर्क व्यक्ति गणेश बि.के. केन्द्रीय अध्यक्ष
सम्पर्क नं. ९८५१०८२७३३ (मोवाईल)
ईमेल: ganeshbikal@gmail.com

## १. संस्थाको परिचयः

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल मुलुकमा दलित अधिकारका लागि चलेका विभिन्न आन्दोलनहरुमध्ये धेरै लक्ष्यहरु भएको एउटै लक्ष्य, धेरै योजनाहरु भएको एउटै योजना, धेरै नीति तथा कार्यक्रमहरु भएको एउटै नीति तथा कार्यक्रम, धेरै संगठनात्मक स्वरुपहरुको एउटै संगठन, धेरै अवधारणाहरुको एउटै अवधारणा र साझा भावनाका साथ नयाँ एकीकृत आन्दोलनका रुपमा स्थापीत नेतृत्वदायी मानवअधिकारमुखी पद्धतिमा विश्वास राख्ने दलित एक्टिभिष्टमा आधारित जनसंगठन हो । मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा कार्यरत गैससहरु, विभिन्न महासंघहरु, लोकतन्त्र र शान्तिका लागि कार्यरत नागरिक आन्दोलनहरु, दलित आन्दोलनका सारथि दलित राजनीतिक जनसंगठनहरु, संचारकमीहरुका प्रतिनीधिमुलक संगठनहरुको अर्थपूर्ण सहकार्यकासाथ बृहत सामाजिक अभियानमार्फत दलितहरुका राजनीतिक, आर्थिक र सामाजिक/सांस्कृतिक समस्याहरुको एकीकृत रुपमा समाधान गर्न दवाव दिने उद्देश्यले २०५७ मा यसको स्थापना भएको हो ।

RDN नेपालमा हाल १०० वटा भन्दा बढी संस्थागत सहकार्य सदस्य संस्थाहरु र १५०० भन्दा बढी व्यक्तिगत सदस्यहरु सहित ४५ जिल्लामा शाखाहरु रहेका छन् भने देशभरीका ७७ वटै जिल्लाहरुमा सम्पर्क व्यक्तिहरु रहेका छन । राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल मानवअधिकार एलायन्स, राष्ट्रिय भूमिअधिकार सरोकार समूह, एचआइभि तथा एडस विरुद्ध एशियाली जनअभियान (APACHA), नयाँ दक्षिण एशियाको परिकल्पना (INSA), लोकतन्त्र र सामाजिक रुपान्तरणका लागि नागरिक अभियान, लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलन, शान्तिका लागि साझा अभियान (COCAP), जातीय विभेद विरुद्ध राष्ट्रिय मंच (NCARD), दलित अधिकारका लागि राष्ट्रिय मंचलगायतका मंचहरुको नेतृत्व तथा सदस्यका रुपमा कार्यरत छ ।

## २. सन्दर्भ तथा परिवेश बिश्लेषणः

नेपालको संविधानले सिद्धान्तः वि.सं.२००७ देखिका दलित आन्दोलनहरुका सबैखाले उपलब्धीहरुलाई संवैधानिक रुपमा संस्थागत गर्ने यूगिन काम गरेको छ ।, दलित मुद्दा नेपाली राजनीतिको एक स्वायत्त र संबोधन गर्नैपर्ने अनिवार्य केन्द्रीय मुद्दा बनेको छ ।, देशव्यापीरुपमा दलितहरु विभिन्न पार्टी तथा सामाजिक संघ/संगठनहरुमा संगठीत भएका छन्, राजनीतिक प्रक्रियाबाट हजारौं राजनीतिक नेता तथा कार्यकर्ताहरु जनप्रतिनीधिकारुपमा निर्वाचित भएका छन् ।, राज्यले संबोधन गर्नैपर्ने सामाजिक समूहका रुपमा स्थापित भएको छ । यही संविधानको कार्यान्वयनबाट इतिहासमा प्रथम पटक संघीय प्रतिनीधिसभामा १३ जना महिलासहित १९ जना, ७ वटै प्रदेशसभामा गरी २६ जना महिलासहित ३३ जना, राष्ट्रियसभामा ७ जना र स्थानीय तहमा ६५६७ दलित महिलासहित ७७ जिल्लाका जिल्ला समन्वय समितिमा ७ जना प्रमुख र ३ जना उपप्रमुख सहित ६३ जना दलित सदस्य, मेयर ६ जना, उपमेयर ११ जना, गाउँपालिका अध्यक्ष १ जना, उपाध्यक्ष १६ जना, वडा अध्यक्ष १९७ जना, वडा सदस्य ७९७ जना र उतिकै संख्यामा कार्यपालिका सदस्य दलितहरु निर्वाचित भएका छन् । संघीय मन्त्रीमण्डलमा एक जना भएपनि क्याविनेटस्तरको मन्त्री हुनुहुन्छ । यो सकारात्मक पक्ष हो ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संस्थागतिकरण गर्नका लागि नेपालको संविधान अनुसार तिनवटै तहको निर्वाचन सम्पन्न भई मुलुक नयाँ संरचनाकासाथ सामाजिक न्याय सहितको समृद्धिको यात्रामा अघि बढेको छ । दलित समुदायमा आएको उच्चस्तरको चेतनाले व्यक्तिगत, सामुदायिक र सामाजिक तहमा परिवर्तन हुने अवसर आएको छ । स्थानीय र प्रादेशीक सरकार आफ्ना संवैधानिक अधिकार

प्रयोग गरी सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको क्षेत्रमा सुधार ल्याउँदै जनताको मन जित्ने अभियानमा देखिन्छ ।

यस्तो ऐतिहासिक अवसरमा दलित आन्दोलन आफ्ना नयाँ योजनासहित अझ सशक्त नहुने हो भने सात दशकसम्म लडेर ल्याएका संविधानमा भएका ऐतिहासिक उपलब्धीहरु विना कार्यान्वयन संविधानमै सीमित हुनेछन् । त्यसकारण सरकारी सेवा र श्रोतहरुमा दलितहरुको पहुँच बृद्धी गर्नका लागि स्थानिय स्तरका दलित तथा सिमान्तकृत र बंचितीकरणमा पारिएका दलित समुदायहरुलाई बिकासको मुल प्रवाहमा ल्याउनु आजको आवश्यकता हो ।

**३. दलित अधिकार मञ्च के हो ?**

दलित अधिकार मञ्च भनेको दलित जस्तो उत्पीडित समुदायले आफैले आयोजना गरेको संसारकै पहिलो हो लेख्नुहोस । यो मोक संसद हो तर यसका गतिविधि संसदझैं हुन्छन् । दलित संसदको प्रभावले Asian dalit Parliamentarian Forum on Dalit Concern को अबधारण विकास भएको, नमूना संविधान सभा, पिपुल्स सार्क, गरिवीकौंका संसद, प्राकृतिक स्रोत साँसद, यूवा संसदको अभ्यास शुरुवात भएको छ । नेपालमा दलित संसदको अभ्यासले गर्दा  नेपालको संविधानमा अधिकाँश एजेण्डाहरुको संवोधान भएको । गैरभौगोलिक प्रदेशको वहस चलेको थियो ।

**४. दलित अधिकार मञ्चको  प्रभावः**

दलित संसद नेपाली दलित आन्दोलनको एक श्रृजनात्मक अभियान हो । विश्वव्यापीकरणका विरुद्धको विश्व सामाजिक मंचको शैलीमा छुवाछूत विनाको अर्को नेपाल संभव छ भन्ने नाराका साथ यसको आयोजना गरिएको थियो । यसरी दलित समुदायका बीचमा मात्र एउटा समुदायले वैकल्पिक रुपमा आयोजना गरेको यो विश्वकै पहिलो इनिशेटिभ हो । दलित संसदको शुरुवात पश्चात भारतमा गरीवौंका संसदको आयोजना गरिएको थियो । भने नेपालमा यूवा संसद, वाल संसद, नमूना संविधान सभा, नमूना संसद, जन संसद, महिला शान्ति संसद, वैकल्पिक जिल्ला परिषदको आयोजना भएको पाइन्छ । दलित संसद केवल राष्ट्रिय भेला मात्र नभई यसको पूर्व सन्ध्यामा गाउँ परिषद, नगर परिषद, जिल्ला परिषद, समुदायगत छलफल पश्चात त्यहाँका प्रतिनीधिमुलक सवाल सहितका प्रतिनीधिहरुको उपस्थितिमा सम्पन्न हुन्छ ।

विगत ६ वर्षमा दलित संसदले दलित समुदायको संसदीय व्यवस्थाप्रतिको मौनताको संस्कृति भत्काउने काम गरेको छ । संचारमाध्यमले यसलाई निकै महत्तवका साथ लिएको छ । दलित आन्दोलन अन्तराष्ट्रियकरण भएको छ । दलित आन्दोलनमा स्थानीय स्तरमा नेतृत्व विकास भएको छ । दलित आन्दोलनको कानूनी ज्ञान र व्यवहारिक प्रयोग भएको छ । दलित नागरिक समाजको निर्माण भएको छ र दलित आन्दोलन र अन्य सामाजिक आन्दोलनसंग वृहत ऐक्यबद्धतापूर्ण आन्दोलनको विकास भएको छ । नेपालको संविधानमा दलित अधिकार सुनिश्चित गराउन यस संसदले नेपालको दलित आनदोलनको साझा थलोको काम गरेको थियो । अब परिवर्तित सन्दर्भमा मुलुकमा संघीयता कार्यान्वयन भइरहेको अवस्थामा नयाँ बनेका प्रदेशहरुमा दलित अधिकारका सुनिश्चित गर्न संसदीय अभ्यासको लागि प्रदेश स्तरमा समेत दलित संसदको आयोजना गर्दा नवनिर्वाचित दलित जनप्रतिनीधिहरु र दलित अगुवाहरुमा हौसला बृद्धि हुने मात्र होइन अधिकारको दावी गर्न प्रेरित गर्ने विश्वास लिइएको छ ।

## ५. कार्यक्रमको बिस्तृत बिवरण:

क) कार्यक्रमको नाम : **दलित संसद वा दलित अधिकार मंच (DRF)**

ख) कार्यक्रमको मिति : २०८० भाद्र ६ गते देखि ०७ गतेसम्म (२ दिन)

**ग) कार्यक्रको उद्देश्य :**

- सुदूरपश्चिमको दलित समस्यको विश्लेषण गर्ने
- सुदूरपश्चिमको दलित समस्याको समाधान गर्न कार्यक्रम छलफल गर्ने
- दलित शसक्तिकरण पेज र दलित विकास समितिको कार्य क्षेत्रको छलफल गर्ने

**घ) कार्यक्रमको प्रकृया**

- सुदूरपश्चिमका ९ वटै जिल्लावाट कम्तिमा ५/५ जना दलित अगुवाहरुको सहभागीता रहनेछ। यसरी वोलदिदा सवै राजनितक दल र दलित नागरिक समाजका अगुवा वोलाइनेछ। धनगढी र कंचनपुरवाट ५०/५० जना र देशका अन्य
- कार्यक्रमको उदघाटन मूख्यमंत्री ज्यू वाट हुनेछ र अर्थमंत्री, सामाजिक विकास मंत्रीज्यूलाई अतिथिको रुपमा आमन्त्रण गरिनेछ।
- कार्यक्रममा सुदूरपश्चिमको बस्तुस्थितिको विश्लेषण गर्दै विषयगत सवालमा विज्ञहरुवाट कार्यपत्र प्रस्तुत गरिनेछ।
- सुदुरपश्चिमको समृद्धिभित्र दलित समुदायको सामाजिक न्याय सहितको मार्ग चित्र सहितको एक दस्दावेज निर्माण गरी प्रदेश सरकारलाई बुझाईनेछ।
- धनगढी घोषणा पत्र निकालिनेछ।

**ड.) कार्यक्रमको स्थान : उ**द्योग वाणिज्य संघको हल:

च) **कार्यक्रमको बजेट:** रु १० लाख जसमध्य प्रदेश सरकारबाट रु ५ लाख र राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालबाट रु ५ लाख

## ६. दलित अधिकार मञ्च आयोजना गरिने स्थान, मिति र सहभागिहरु:

सुदूरपश्चिम प्रदेश स्तरिय २ दिने पहिलो दलित संसद आगामी मिति २०८०मंसिर ६ देखि ७ गतेसम्म धनगढी कैलालीमा आयोजना गरिनेछ। उक्त दलित संसदमा सुदुरपश्चिम प्रदेशका ९ वटै जिल्लाका दलित अगुवाहरु, दलित जनप्रतिनीधीहरु, नागरिक समाज, पत्रकारहरु, वकिल, राजनितिक दलका नेताहरु लगायत १५० जनाको उपस्थिती रहनेछ।

## ८. दलित अधिकार मञ्चका अपेक्षित उपलब्धीहरु:

- राज्यको पुन:संरचना अर्थात संघीयता लागू भएपछिको ७ वटै प्रदेशको दलित जनसंख्या, भूगोल र अवस्था र समाधानका लागि कार्यक्रमहरुको सहभागितात्मक ढंगको खाका प्रस्तुत हुनेछ। केन्द्रमा पनि यही प्रक्रिया हुनेछ।

- सबै प्रदेशको गत वर्ष र चालु वर्षको नीति, कार्यक्रम र बजेटको विश्लेषण हुनेछ र भावी बजेटको लागि खाका प्रस्तुत हुनेछ ।
- हरेक प्रदेशमा दलित जनप्रतिनधि, राजनीतिक संगठनहरु र दलित नागरिक नागरिक सम्मिलित **दलित जनप्रतिनीधि महासंघको** गठन भई राष्टिय स्तरमा समेत पुग्नेछ ।
- दवाव सहितको नयाँ कानूनहरुको सिफारिश हुनेछ । घोषणा पत्र निकालिनेछ ।
- हरेक प्रदेश र संघीय क्रियाकलपा समेटिएको **दलित संसद** नामक दलित अधिकार वर्ष पुस्तक प्रकाशन गरिनेछ ।

## ९. दलित अधिकार मञ्चको प्रस्तावित बजेटः

सुदुरपश्चिम प्रदेश स्तरिय दलित संसदको कुल बजेट रु १०००,००० ( अक्षेरुपी रु दश लाख मात्र) प्रस्ताव गरिएको छ । जसमध्य प्रदेश सरकारबाट रु ५ लाख र राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालबाट रु ५ लाख व्यवस्थापन गरिएको छ । जसलाई निम्मानुसार प्रस्तुत गरिएको छ ।

| **क.स** | **बिवरण** | **ईकाई** | **परिमाण** | **दर** | **दिन** | **जम्मा रकम** |
|---|---|---|---|---|---|---|
| १ | हलभाडा | दिन | १ | २५००० | २ | ५०,००० |
| २ | यातायात | व्यक्ति | १०० | १५०० | २ | ३,००,००० |
| ३ | खाना तथा वास खर्च | व्यक्ति | १०० | १००० | ३ | ३००,००० |
| ४ | सहभागि नास्ता तथा खाना कार्यक्रम अवधी | व्यक्ति | १०० | ७५० | २ | १,५०,००० |
| ५ | कार्यक्रम प्रस्तोता | व्यक्ति | ३ | १०,००० | २ | ६०,००० |
| ६ | स्टेश्नरी | व्यक्ति | १०० | १०० | १ | २०,००० |
| ७ | भिडिया डकुमेन्ट्री | संख्या | १ | १००००० | १ | १००,००० |
| ८ | अन्य आवश्वक समाग्री | | १ | २०००० | १ | २०,००० |
| | **कुलजम्मा** | | | | | **१,०००,०००** |
| | **प्रदेश सरकारबाट माग गरिएको** | | | | | **५००,०००** |
| | **राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालबाट** | | | | | **५००,०००** |

## १०. निष्कर्षः

नेपालको संविधान जारी भएपछिको भएका तीनवटै तहका निर्वाचनमार्फत बनेका सरकारहरुले आफूले गरेका बाचा पूरा गर्न आफ्नो पहिलो नीति तथा कार्यक्रम र वजेट समेत सार्वजनिक गरि कार्यान्वयन समेत गरिसकेको छ । अब प्रदेश सरकारको अर्जुनदृष्टि नेपालको संविधानको जगमा नयाँ कानूनहरु बनाउने र त्यसको आधारमा सामाजिक न्यायसहितको समृद्ध सुदूरपश्चिमको खाका तयार गर्ने रहेको देखिन्छ । यस महाअभियानमा हजारौं वर्षदेखि सबैभन्दा बढी शोषणमा पारिएका दलितहरुलाई विशेष स्किमसहित दलित समुदायको अनुहारमा खुशियाली ल्याउन यस प्रथम दलित संसदले दलित आन्दोलनमा उच्च स्तरको र अनिवार्य जागरण पैदा गर्नेछ ।